# हरिपुर्वा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## हरिपुर्वा, सर्लाही

प्रदेश नं.२नेपाल

## हरिपुर्वा नगरपालिकाको सुचना

यस हरिपुर्वा नगरपालिका क्षेत्रमा वसोवास गरि रहेका नेपाली नागरिकहरुले चालु आ.व.२०७६।०७७ देखी सामाजिक सुरक्षा कार्यक्रममा सहभागी हुन चाहने योग्य तथा ईच्छुक जेष्ट नागरिक अन्य,जेष्ट नागरिक दलित,एकल महिला,विधवा महिला,पूर्ण अपाङ्ग,अति अशक्त अपाङ्ग र बालबालिकाहरुले मिति २०७६ श्रावण देखी पौष मसान्त भित्रमा आ-आफ्नो वडा कार्यालयमा नाम दर्ताको लागी निवेदन दिनु हुन यसै सुचना साथ जानकारी गराईन्छ ।

तपसिल

१) जेष्ट नागरिक अन्य :- अगामी आ.व.२०७७।०७८ को लागी ७० वर्ष पुरा हुने व्यक्तिले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति र पासपोर्ट साईजको फोटो ४ प्रति पेश गर्ने ।

२) जेष्ट नागरिक दलित :- अगामी आ.व.२०७७।०७८ को लागी ६० वर्ष पुरा हुने व्यक्तिले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति र पासपोर्ट साईजको फोटो ४ प्रति पेश गर्ने ।

३) एकल महिला :- अगामी चौमासिकको लागी ६० वर्ष पुरा हुने विवाह नगरी बसेका वा सम्बन्ध विच्छेद भएका महिलाले आवश्यक प्रमाण सहित नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति र पासपोर्ट साईजको फोटो ४ प्रति पेश गर्ने ।

४) विधवा महिला :- अगामी चौमासिककाको लागी पतिको मृत्यु भएका जुनसुकै उमेरका महिलाले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रति १ प्रति र पासपोर्ट साईजको फोटो ४ प्रति पेश गर्ने ।

५) पुर्ण अपाङ्ग :- अगामी चौमासिकको लागी जुनसुकै उमेरका व्यक्तिले नेपाली नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १ अपाङ्ग परिचय पत्र (रातो)को प्रतिलिपि १ प्रति र पासपोर्ट साईजको फोटो ४ प्रति पेश गर्ने ।

६) अति अशक्त अपाङ्ग :- अगामी चौमासिकको लागी जुनसुकै उमेरका व्यक्तिले नेपाली नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १ अपाङ्ग परिचय पत्र (निलो)को प्रतिलिपि १ प्रति र पासपोर्ट साईजको फोटो ४ प्रति पेश गर्ने

७) बालबालिका :- ५ वर्ष उमेर ननाघेका बालबालिकाको अभिभावकले जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति,आमा वा संरक्षकको नागरिकताको प्रतिलिपी र पासपोर्ट साईजको फोटो ४ प्रति ।

पुनश्च : हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहेका लाभग्राहीहरुले नाम नविकरण नगरेमा सामाजिक सुरक्षा कार्यक्रममा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। विस्तृत जानकारीको लागी कार्यालय समयमा यस शाखामा सम्पर्क राख्नु हुन ।

हरिपुर्वा नगरपालिका
(सामाजिक सुरक्षा तथा पंजिकरण उपशाखा)

website:- haripuwamun.gov.np/email:- ito.haripurwamun@gmail.com